# १७ औं गाउँसभा – आर्थिक वर्ष २०८३/८४

## नीति तथा कार्यक्रम

अदानचुली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

श्रीनगर, हुम्ला ।



सुशासन, सामाजिक न्याय र समग्र विकासः समृद्ध अदानचुली हाम्रो विश्वास

सभाका सदस्य ज्यूहरु,

अदानचुली गाउँपालिकाको यस गरिमामय १७ औं गाउँ सभामा आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम सभा समक्ष पेश गर्न पाउँदा अत्यन्त हर्ष र गौरवको अनुभूति गरेको छु । ऐतिहासिक संविधान सभाबाट बनेको नेपालको संविधान २०७२ जारी भए पश्चात् उक्त संविधानबाट स्थानिय तहको पुनःसंरचना भई स्थापित यस अदानचुली गाउँपालिकाको अध्यक्षको रुपमा पाँचौ पटक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा थप उत्साहित भएको छु ।

यस अवसरमा राष्ट्रलाई संघीय लोकतान्त्रीक गणतन्त्रात्मक प्रणालीमा अग्रसर गराउन विभिन्न कालखण्डमा आफ्नो प्राणको आहुती दिने सम्पूर्ण ज्ञात तथा अज्ञात शहिदरुप्रति भावपूर्ण श्रद्धान्जली व्यक्त गर्दछु । साथै यस गाउँपालिका तथा सिङ्गो राष्ट्रको उन्नती र समृद्धिका लागि योगदान पुऱ्याउनु भएका अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

यस नीति तथा कार्यक्रम तर्जुमा आधारका रुपमा नेपालको संविधान, कर्णाली प्रदेश सरकारको दोस्रो पञ्चवर्षिय योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना दिग्दर्शन २०७८, कर्णाली प्रदेश सरकारको आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम र यस गाउँपालिकाले विगतमा सञ्चालन गरेका कार्यक्रमहरुको प्रभावकारितालाई लिएको छु ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

# क्षेत्रगत नीतिहरु

सभाका सदस्यहरु,

अब म आगामी आर्थिक वर्ष २०८३।०८४ का लागि देहाय बमोजिमका क्षेत्रगत नीतिहरु सम्मानित सभामा प्रस्तुत गर्दछु ।

## १. आर्थिक विकास

समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय तथा प्रादेशिक लक्ष्यलाई आत्मसात गर्दै "समृद्ध कर्णाली सुखारी कर्णाली बासी" भन्ने अभियानलाई सार्थक बनाउनको लागि श्रम, सीप, प्रविधि र पूँजीको व्यवस्थित परिचालन गर्नु पर्दछ । गरीबी, भोकमरी, असमानता आदिको अन्त्य गरी दिगो विकास गर्नको लागि जल, जमिन, जङ्गल, जडिबुटी र जनशक्तिको उचित प्रयोग र परिचालन गर्दै कृषि, पशुपालन, पर्यटन, व्यापार/व्यवसाय मार्फत आर्थिक क्षेत्रको विकासमा मुख्य जोड दिन जरुरी छ । आर्थिक क्षेत्रका विकासका निम्ति निम्न बमोजिमका नीतिहरु अवलम्वन गरिनेछ ।

### १.१ कृषि तथा पशुपंक्षी विकास

१. "एक वडा एक विशेष उत्पादन": भू-वनोट र माटोको उपयुक्तताका आधारमा प्रत्येक वडालाई पकेट क्षेत्रको रुपमा विकास गरिनेछ।

२. कृषक प्रोत्साहन तथा अनुदान: वास्तविक र व्यावसायिक कृषक पहिचान गरी उत्पादनमा आधारित अनुदानको व्यवस्था गरिनेछ।

३. बजारिकरण र भण्डारण: कृषकहरुले उत्पादन गरेको उपजहरुको उचित मूल्य सुनिश्चित गर्न संकलन केन्द्र र चिस्यान केन्द्र को स्थापना तथा संचालन गरिनेछ ।

४. कृषकहरुलाई कृषिजन्य विउ तथा बिरुवाको अभाव हुन नदिन मिनि किट वितरण कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

५. स्थानीय चिनो, कागुनो, कोदो लगायतका रैथाने बालीहरुको उत्पादन तथा बजारीकरणलाई ध्यान दिई प्रवर्द्धन गरिनेछ ।

मोहन विक्रम सिंह
अध्यक्ष

६. सम्पूर्ण वडाहरूमा बाह्रै महिना अत्यावश्यक पशु औषधिहरूको उपलब्धता सुनिश्चित गरी आकस्मिक र नियमित उपचार सेवालाई निरन्तरता दिइनेछ।

७. एक गाउँ एक प्राविधिक" अवधारणा बमोजिम प्राविधिक जनशक्तिलाई व्यवस्थापन गर्दै किसानहरूको गोठमै पुगेर प्रत्यक्ष सेवा (फिल्ड सेवा) प्रदान गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

८. समुदायमा  रेबिज जस्ता घातक जुनोटिक (पशुबाट मानिसमा सर्ने) रोग नियन्त्रणका लागि सामुदायिक तथा घरपालुवा जनावरहरूमा व्यापक खोप अभियान सञ्चालन गरिनेछ।

९. भौगोलिक रूपमा पछि परेका वा पशुपालनको उच्च सम्भावना भएका वडाहरूलाई लक्षित गरी सेवाको पहुँच बढाउन नयाँ पशु सेवा केन्द्र स्थापना गरिनेछ।

१०. पशुपालन क्षेत्रमा व्यावसायिकता प्रवर्द्धन गर्न किसानहरूलाई सीपमूलक तालिम प्रदान गरिनेछ भने कृषि/पशु विज्ञान  पढ्दै गरेका विद्यार्थीहरूलाई प्रयोगात्मक अभ्यास (OJT) मार्फत गाउँपालिकाको विकासमा जोडिनेछ।

११. पालिकाको उच्च हिमाली भेगमा व्यवसायिक च्याङ्ग्रा पालनको लागि सम्भाव्यता अध्ययन गरी च्याङ्ग्रा पर्वद्धन कार्यक्रम संचालन गरिनेछ।

## १.२ पर्यटन विकास

१. गाउँपालिका भित्र रहेका पर्यटकीय क्षेत्रहरुको प्रचार प्रसार गरि उक्त स्थलहरुसम्म सडकको पहुँच पुऱ्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. हुम्ला कर्णाली र मुगु कर्णालीको संगम स्थल दोमुख लाई मानसरोवर तथा हुम्ला जिल्लाको मुख्य पर्यटकीय द्वारको रुपमा विकास गरिनेछ ।

३. जडिबुटी, प्राकृतिक दृश्य र सांस्कृतिक सम्पदालाई पर्यटन सँग जोड्ने योजना तर्जुमा तथा संचालन गरीनेछ।

४. पालिकाको धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक धरोहरको रुपमा रहेका अदानचुलीलाई परिचित गराउन सहयोग पुर्याउने पर्यटकिय स्थलहरु जस्तै अदानचुली माई, राईढुङ्गा, दोमुख तिर्थस्थल, धनदुला, मुन्टेचौर, नौ मुले ज्वाला, चोखे मेला, झाडमाडु, विभिन्न गुम्बाहरु लगायतको पहिचान प्रवर्द्धन तथा आवश्यक संरक्षण गरिनेछ।

५. वृक्षारोपण, सरसफाइ, प्लास्टिकमुक्त क्षेत्र अभियान संचालन गरिनेछ ।

मोहन विक्रम
अध्यक्ष

CamScanner

## १.३ रोजगारी प्रवर्द्धन,उद्यमशीलता र सीप विकास

१. गाउँपालिकाभित्र रहेका बेरोजगार युवा, महिला, दलित, विपन्न तथा पिछडिएका वर्गको अद्यावधिक विवरण तयार गरी रोजगार,सीप तथा उद्यमशीलता केन्द्र मार्फत सूचना, सीप विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

२. युवालाई लक्षित गरी कृषि, पशुपालन, मौरीपालन, च्याउ खेती, फलफूल खेती, सिलाइ–कटाइ, प्लम्बिङ, विद्युत् मर्मत, कम्प्युटर तथा सूचना प्रविधिसम्बन्धी सीपमूलक तालिम सञ्चालन गरिनेछ।

३. प्रत्येक वडामा कम्तीमा एक नमुना कृषि तथा पशुपालन उद्यम विकास कार्यक्रम सञ्चालन गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गरिनेछ।

४. वैदेशिक रोजगारबाट फर्किएका युवाको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्दै उद्यम स्थापना तथा पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

५. विकास निर्माणका योजनाहरूमा रोजगार,सीप तथा उद्यमशीलता केन्द्र रोजगार व्यवस्थापन सुचना प्रणालीमा दर्ता भएका स्थानीय श्रमिकलाई प्राथमिकता दिई न्यूनतम रोजगारी प्रदान गरिनेछ ।

६. "एक घर–एक सीप, एक परिवार–एक उद्यम" अभियान सञ्चालन गरी आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माणमा जोड दिइनेछ।

७. सूचना प्रविधिका लागि डिजिटल सीप तथा अनलाइन उद्यमशीलता प्रवर्द्धन गरी युवालाई आधुनिक रोजगारका अवसर जोडिनेछ। श्रम संसार एप जस्ता डिजिटल प्रणालीमा आवद्ध गरिने छ ।

८. रोजगार, सीप तथा उद्यमशीलताको विकासमार्फत समृद्ध, आत्मनिर्भर तथा उत्पादनमुखी अदानचुली गाउँपालिका निर्माण गर्ने नीति अवलम्बन गरिनेछ।

९. "सिप सिकौ, गाउँमै कमाऔं" अभियान सञ्चालन गरी युवा पलायन न्यूनीकरण गरि आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माणमा जोड दिईनेछ ।

१०. वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरूको सीप, ज्ञान र अनुभवलाई स्थानीय स्तरमा उद्यमशीलता विकास, स्वरोजगार तथा रोजगारी सिर्जनामा उपयोग गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

### १.४ राजस्व

१. स्थानीय तहको आन्तरिक आयलाई दिगो, पारदर्शी र प्रभावकारी बनाइनेछ।

२. करको दायरा विस्तार गरी करदातामैत्री राजश्व प्रशासनको विकास गरिनेछ।

३. करदाताको अभिलेख अद्यावधिक गरी वास्तविक करदाताको पहिचान गरिनेछ।

४. राजश्व चुहावट नियन्त्रण तथा कर प्रशासन सुदृढीकरणलाई प्राथमिकता दिइनेछ।

५. व्यवसाय दर्ता, नवीकरण तथा कर भुक्तानी प्रक्रियालाई सरल, सहज र प्रविधिमैत्री बनाइनेछ।

६. स्थानीय स्रोत, साधन तथा सम्पत्तिको अधिकतम उपयोगबाट राजश्व वृद्धि गरिनेछ।

७. स्थानिय तहमा व्यवसाय दर्तासहित स्थायी लेखा लेखा नम्बर दर्ता गर्ने कार्यका लागि करदाता सेवा सेवा सञ्चालन गरिनेछ ।

८. यस गाउँपालिका अन्तरगतको क्षेत्रबाट ढुंगा, गिट्टी ,बालुवा उत्खनन् बिक्रि वितरण सम्बन्धि विष्तृत वातावरणीय अध्ययन गरि उक्त स्रोतको परिचालनको कार्य अघि बढाइने छ ।

# २. सामाजिक विकास

## २.१ शिक्षा युवा तथा खेलकुद

१. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयहरुको निरीक्षण र सुपरीवेक्षणको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

२. शिक्षाको गुणस्तर अभिवृद्धि गर्न भूगोल, विद्यार्थी संख्या आदिको आधारमा कक्षा, तह वा विद्यालय समायोजन तथा दरबन्दी मिलान गरिनेछ ।

३. बालमैत्री शिक्षण सिकाईका लागि आवश्यक शैक्षिक सामग्री व्यवस्थापन सहित बालमैत्री शिक्षण सिकाईलाई जोड दिइनेछ ।

४. अदानचुली गाउँपालिकाका युवाहरुलाई लक्षित गरि पालिका स्तरीय कभर्ड हल निर्माण गरिने छ ।

अध्यक्ष

५. प्रारम्भिक बालविकास केन्द्रहरूलाई बालमैत्री, शैक्षिक सामग्रीयुक्त र आकर्षक बनाउन पूर्वाधार सुधारका लागि बालविकास सहजकर्ताहरुको क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।

६. प्रविधिमैत्री शिक्षाको लागि विद्यालयहरूमा क्रमशः इन्टरनेट सुविधा, कम्प्युटर ल्याब र डिजिटल शिक्षण सिकाइ सामग्री (E-learning) को व्यवस्था मिलाइनेछ। शिक्षकहरूलाई डिजिटल साक्षरता तालिम दिइनेछ।

७. शिक्षक दरबन्दी मिलान तथा क्षमता विकास गर्न गाउँपालिकाभित्रका विद्यालयहरूमा विद्यार्थी संख्याका स्थानीय पाठ्यक्रम अनुसार पाठ्यपुस्तक विकास गरी कार्यान्वयनमा ल्याइनेछ शिक्षकहरूका लागि पेसागत दक्षता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।

८. विद्यालयको प्रशासनिक र शैक्षिक सुधारका लागि गाउँपालिका शिक्षा शाखाबाट नियमित, अनुगमन गरी विद्यालयको सिकाइ उपलब्धि वृद्धि गरिने छ ।

९. विभिन्न अतिरिक्त क्रियाकलाप मार्फत विद्यार्थी हरुको प्रतिभा पहिचान तथा स्वच्छ प्रतिस्पर्धाको भावना विकास गरी शैक्षिक गुणस्तरमा सुधार गरिने छ ।

१०. स्थानीय स्तरमा लुकेर रहेका प्रतिभा पहिचान गर्न प्रति प्रत्येक वर्ष फूटबल, भलिबल, लगायतका विधा समेटेर गाउँपालिका स्तरमा खेलकुद प्रतियोगिता आयोजना गरिने छ ।

११. विद्यालय स्तरीय खेलकुद विकास गर्न (राष्ट्रपति रनिङ शिल्ड): माध्यमिक विद्यालय तहका विद्यार्थीहरूका लागि खेलकुद सामग्री सहयोग र विद्यालय स्तरीय प्रतियोगिताहरूलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

१२. शिक्षकहरुको पेसागत क्षमता विकासका लागि तालिम,कार्याशाला,शिक्षक मेन्टोरिङ,अनुभव आदान प्रदान
कार्यक्रम सञ्चालन गरिने छ ।

१३. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघको क्षमता विकास गरी विद्यालयको नियमित अनुगमन तथा मूल्याङ्कनमा सुधार गरिनेछ।

१४. शैक्षिक तथ्यांङ्क प्रणालिलाई व्यवस्थित बनाइ शैक्षिक सूचनालाई पहुँच योग्य बनाइने छ ।

मोहन विक्रम सिंह
अध्यक्ष

१५. विद्यालयको भैतिक पुर्वाधारमा सुधार ल्याउन बालमैत्री, बातावरणमैत्री,खेल मैदान र पक्की भवन निर्माणमा जोड दिई कक्षा कोठा व्यवस्थित बनाईने छ ।

१६. गल्वा बहुमुखी क्याम्पस लाई व्यवस्थित गरी पठनपाठन र परिक्षा केन्द्र स्थापनाको लागि सम्बन्धित निकायमा आवश्यक समन्वय सहित पहल गरिनेछ ।

१७. विद्यालयमा स्वच्छ खानेपानी,शौचालय व्यवस्थापनको लागि जोड दिइनेछ ।

१८. माध्यमिक तहका विद्यालयहरुमा कम्प्यूटर शिक्षक व्यवस्था गरी विद्यालयहरुलाई प्रविधी सँग जोडने आधार तयार गरिनेछ ।

## २.२ स्वास्थ्य

१. अदानचुली गाउँपालिका लगायत समग्र हुम्ला जिल्लाको उपचारत्मक सेवालाई थप सुदृढ बनाउनुको साथै हुम्ला, मुगु र बाजुरा जिल्लाका गाउँपालका हरुको प्रेसण केन्द्रका रुपमा अदानचुली गाउँपालिकाको मकैमा रणनीतिक अस्पताल निर्माण गरिने छ ।

२. अदानचुली गाउँपालिकाको श्रीनगर स्वास्थ्य चौकिलाई आधारभूत अस्पतालका रुपमा विकास गरिने छ ।

३. कठिन भौगोलिक अवस्था रहेका क्षेत्रहरुमा सुरक्षित प्रसुती सेवावाट वञ्चित रहेका आमाहरुलाई निःशुल्क रुपमा प्रसुती सेवा केन्द्रमा आउने जाने व्यवस्था गरिने छ ।

४. स्वास्थ्य क्षेत्रलाइ प्रविधि मैत्री बनाउनको लागि यस गाउँपालिका भित्र रहेका स्वास्थ्य चैकीलाई EHMIS प्रणालीमा आवद्ध गरिने छ ।

५. सुरक्षित मातृत्व सेवालाई थप सुदृढ गर्नको लागि बर्थिङ्ग सेन्टरलाई थप व्यवस्थित गरिने छ ।

६. ग्रामीण भिडियो एक्स-रे सेवाको पहुँच वढाउनको लागि सवै वडाहरुमा भिडियो एक्स-रे शिविर सञ्चालन गरिनेछ ।

७. यस गाउँपालिकाका नागरिकहरुलाई विशेषज्ञ स्वास्थ्य सेवाको पहुँच पुर्याउनकोलागि विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

८. यस गाउँपालिकाको श्रीनगर स्वास्थ्य चौकीवाट चौविसै घण्टा आकस्मिक स्वास्थ्य सेवा प्रदान गरिने छ ।

मोहन विक्रम सिंह
अध्यक्ष

९. स्वास्थ्य संस्थाहरुको आन्तरिक सुधारका लागि व्यवस्थापन तथा मसलन्द खर्च उपलब्ध गराईने छ ।

१०. नसर्ने रोगको प्रकोप न्यूनीकरणका लागि स्वास्थ्य प्रवर्द्धनात्मक सेवामा विशेष जोड दिइनेछ । साथै निदानात्मक र उपचारात्मक सेवालाई विस्तार गर्न गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । दीर्घ रोगहरुको अवस्था पत्ता लगाउन स्क्रिनिङ कार्यक्रमहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। स्वस्थ अदानचुली अभियानलाई निरन्तरता दिईनेछ।

११. समुदायमा स्वास्थ्य प्रवर्द्धनमा उल्लेखनीय भूमिका निर्वाह गरिरहनु भएको महिला सामुदायिक स्वास्थ्य स्वयमंसेविकाहरुलाई प्रोत्साहन तथा क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

१२. विद्यार्थीहरुमा स्वास्थ्य सम्बन्धी ज्ञान अभिवृद्धि गर्नका लगि विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।

१३. महामारीको रुपमा आउने रोगहरुको तत्काल प्रतिक्रियाको लागि द्रुत प्रतिकार्य टोली (RRT) निर्माण, परिचालन गर्नुका साथै विपद् व्यवस्थापनको तयारीको लागि प्राथमिक उपचार, खोज तथा उद्दार तालिमहरुको सञ्चालन गरिनेछ।

१४. गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य संस्थाहरुको सेवा, क्लिनिकहरु तथा भौतिक संरचनाहरुलाई स्तरोन्नती गरिदै लगिनेछ । साथै किशोरकिशोरी मैत्री, पोषणमैत्री स्वास्थ्य संस्था क्रमशः निर्माण गरिदै लगिनेछ।

१५. गाउँपालिका भित्र सञ्चालनमा रहेका औषधी पसलहरुको नियमित अनुगमन गरिनेछ । कानून बमोजिम सञ्चालनमा नभएका औषधी पसलहरुलाई कानून अनुसार सुधार प्रक्रिया तत्काल सुरु गरिनेछ ।

१६. यस गाउँपालिका अन्तर्गतको श्रीनगर स्वास्थ्य चौकीमा व्यवस्थित प्रयोगशाला सञ्चालन गरिने छ ।

१७. पूर्णखोप सुनिश्चितता वडा तथा गाउँपालिकाको अवस्थालाई कायम गर्दै हरेक वडाहरुमा खोपको अवस्था सुनिश्चित गरिनेछ ।

१८. स्वास्थ्य संस्थाहरु तथा बर्थिङ्ग सेन्टर प्रभावकारी बनाउनका लागि सिमुलेशन रुमको प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१९. नागरिक आरोग्य केन्द्र मार्फत जडिबुटी, योग तथा आयुर्वेद सम्बन्धी जनचेतनामूलक तालिमहरु सञ्चालन गरिनेछ ।

मोहन बिक्रम सिंह
अध्यक्ष

२०. सुनौला हजार दिनका आमा तथा बालबालिकाहरुको स्वास्थ्य लाई मध्यनजर गर्दै वर्षै भरी विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ ।

२१. गुणस्तरीय तथ्याङ्क प्राप्त गर्नका लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरु बाटै तथ्याङ्क प्रविष्ट गर्ने व्यवस्था मिलाइनेछ ।

२२. लौठी स्वास्थ्य चौकी मा नियमित ग्रामिण भिडियो एक्सरे सेवाको पहुँच बढाइने छ ।

२३. वडा नं ६ को सञ्चालनमा आएको लमई पाल्स आधारभुत स्वास्थ्य सेवा केन्द्रको बर्थिङ सेन्टरलाइ थप सुदृढ तथा सेवा विस्तार गर्नका साथै वडा नं १ को कल्खे, वडा नं ३ को थाइ मकै लाम्टे,वडा नं ५ को भवानी भैरव, सामुदायिक स्वास्थ्य इकाइमा क्रमश बर्थिङ सेन्टर सञ्चालनमा ल्याइ नियमित सेवा प्रवाह गरिने छ ।

## २.३ बहुक्षेत्रीय पोषण

१. बहुक्षेत्रीय पोषण योजना तेश्रो (MSNP-III) लाई प्रभावकारी कार्यान्वय गरिने छ र स्थानीय तहको आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम र बजेट प्रणालीमा संस्थागत गरिनेछ।

२. पालिका तथा वडा स्तरका पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिहरू तथा समन्वय सहजीकरण समितिलाई नियमित र प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

३. पोषणमैत्री स्थानीय शासन (NFLG) अवलम्बन तथा घोषणाका लागि आवश्यक स्रोत र बजेट सुनिश्चित गरिनेछ।

४. गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा २ वर्षमुनिका बालबालिकाको पोषण सुधारलाई प्राथमिकता दिइनेछ।

५. सुनौलो १००० दिन लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

६. पोषणमैत्री स्वास्थ्य संस्था (NFHF) को स्थापना तथा विस्तार गरिनेछ ।

७. बाल वृद्धि अनुगमन, स्तनपान प्रवर्द्धन तथा पुरक आहार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

८. साना किसान, महिला तथा विपन्न परिवारलाई पोषण संवेदनशील कृषि कार्यक्रमसँग जोडिनेछ।

९. खाद्य तथा पोषण सुरक्षाका लागि कृषि विविधीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

मोहन विक्रम सिंह
अध्यक्ष

१०. विद्यालयमा पोषण शिक्षा तथा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

११. विद्यालय दिवा खाजा कार्यक्रममा स्थानीय तथा पोषणयुक्त खाद्य पदार्थको प्रयोगलाई प्राथमिकता दिइनेछ।

१२. किशोरीहरूको पोषण तथा स्वास्थ्य सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

१३. १००० दिनका आमा तथा विपन्न परिवारका लागि आयआर्जन अनुदानलाई प्रभाकारी कार्यन्वयन तथा अनुगमन गरिनेछ तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ।

## २.४ खानेपानी तथा सरसफाई

१. संघीय सरकारको सहकार्यमा अदानचुली वृहत खानेपानी आयोजनालाई निरन्तरता दिँदै पालिकाका सम्पूर्ण वडाहरुमा स्वच्छ खानेपानिको पहुँच विस्तार गर्न एक घर एक धारा विस्तार गरिनेछ ।

२. गाउँपालिकाभित्रका पुराना मुल पँधेरा तथा जलाधार क्षेत्रको मर्मत सम्भार र संरक्षण गरिनेछ ।

३. पानिका मुहान,इन्टेक तथा टयांकीको निरिक्षण गरी पानी परिक्षणको व्यवस्था गरिनेछ ।

## २.५ सामाजिक समावेशीकरण

१. महिला, बालबालिका तथा किशोरीहरूको अधिकार, संरक्षण, सहभागिता र सशक्तिकरणलाई प्राथमिकता दिइनेछ।

२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गरिनेछ महिला हिंसा, बालविवाह, बालश्रम, मानव बेचविखन तथा बालअधिकार हननका घटनाहरू न्यूनीकरण गरिनेछ ।

३. महिला तथा बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र सुरक्षामा विशेष ध्यान दिइनेछ।

४. महिला तथा बालबालिकाको क्षमता विकास, नेतृत्व विकास तथा आर्थिक सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

५. बालमैत्री स्थानीय शासन तथा बाल सहभागितालाई संस्थागत गरिनेछ।

६. बालविवाह न्यूनिकरण सम्बन्धी विशेष कार्यक्रम सञ्चानल गरिनेछ ।

७. छाउपडी जातिय विभेद जस्ता कुरिती कुसंस्कार विरुद्ध जनचेतना मूलक कार्यक्रम सञ्चालन गरिने ।

# ३. पूर्वाधार विकास

## ३.१ सडक तथा पुल

१. गाउँपालिकाको केन्द्र देखि सबै वडा कार्यालयको केन्द्रसम्म सहज पहुँच हुने गरी ग्रामीण सडक सञ्जाल मर्मत तथा विस्तार गरिनेछ । ठाडाकाट्ने झोलुंगे पुलको निर्माण कार्य सम्पन्न गरी दिगो रुपमा सञ्चालन गर्न विशेष जोड दिईनेछ तथा नयाँ आवश्यक स्थानमा पुल प्रस्ताव गरिनेछ।

२. संघीय सरकारको सहकार्यमा हुम्ला जिल्लाकै पहिलो कालो पत्रे सडक (गल्फागाड देखि श्रीनगर सम्म कालोपत्रे सडक निर्माण) कार्य आ.व २०८३।०८४ मा सम्पन्न गरी सञ्चालनमा ल्याउन विशेष जोड दिइनेछ।

३. गाउँपालिका भित्र बनेका पूर्वाधारहरुको व्यवस्थापन र दिगोपनाको लागि मर्मत संभार प्रणालीलाई उचित ढंगले व्यवस्थित गरिनेछ।

४. ग्रामिण क्षेत्रका गाउँबस्ती हुदैं चरण क्षेत्र तथा वनजंगल जोडने परमपरागत गोरेटो तथा घोडेटो लागायतका सिढी बाटाहरु र पर्यटकीय पदमार्ग हरुलाई पहिचान गरी नयाँ निर्माण एंवम स्तरोन्नती गरिनेछ ।

५. गाउँपालिकामा मर्मत संभार कोषको कार्यविधि बनाई रकम खर्च गर्ने व्यवस्था मिलाईनेछ।

६. गाउँपालिका भित्रका निर्माणाधिन सडक छेउछाउ वृक्षारोपण गरि हरित मार्ग निर्माण गरिने छ ।

## ३.२ जलश्रोत, विद्युत, उर्जा तथा सिंचाई

१. यस गाउँपालिका अन्तरगत वडा नं २ र ३ कफाडी लिफ्ट सिंचाई आयोजना अगामी ३ वर्षमा निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

२. अदानचुली बासीहरुलाई विद्युतको पहुँच पुऱ्याउन गाउँपालिकामा राष्ट्रिय प्रसारण लाइन जडान गर्ने कार्यलाई समयमै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ। साथै गाउँपालिका मार्फत समेत उचित बजेट व्यवस्थापन गरी विद्युत लाईन विस्तारको कार्य अघि बढाइनेछ ।

३. गाउँपालिका भित्र उत्पादित लघु-जलविद्युतलाई संरक्षण गर्दै उक्त उत्पादित लघु-जलविद्युतलाई अन्य बैकल्पिक क्षेत्रमा प्रयोग गर्न आवश्यक समन्वय तथा पहल गरिनेछ।

४. लक परियोजना तथा खानेपानी वृहत योजनालाई उचित कार्यान्वयन गरी अदानचुली गाउँपालिकाका जनता लाई खानेपानी तथा सिंचाइ सहज रुपमा उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

५. स्थानीय तहभित्र रहेका जल, जमिन, वन तथा जैविक स्रोतहरूको दीगो संरक्षण, व्यवस्थापन र उपयोग सुनिश्चित गर्न एकीकृत क्यचमेंट अवधारणामा आधारित एकीकृत नमुना कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत माथिल्लो, मध्य तथा तल्लो जलाधार क्षेत्रलाई एकीकृत रूपमा व्यवस्थापन गर्दै पानीका स्रोतहरूको संरक्षण, भू– क्षय तथा पहिरो नियन्त्रण, जलवायु परिवर्तन अनुकूलन, कृषि वन / कृषि उत्पादन वृद्धि तथा जीविकोपार्जन सुधारमा जोड दिइनेछ।

५। नेपाल सरकारको सबै जनतालाई आधारभूत स्तरको खानेपानी सुविधा उपलब्ध गराउने तथा दिगो विकास लक्ष नं ६ बमोजिम सन् २०३० भित्र कुल जनसंख्याको ५० प्रतिशतलाई सुधारिएको खानेपानी सुविधा उपलब्ध गराउने लक्ष पूरा गर्न "एक घर, एक धारा" निति अपनाईने छ साथै सोको सेवालाई दिगो र भरपर्दो बनाउन पालिका स्तरमा खानेपानी, सरसफाइ स्वच्छता (वास) व्यवस्थापन वोर्ड स्थापना गरी सो मातहत वास र वातावरण युनिट मार्फत सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ

६। **जैविक बिबिधताको संरक्षण, रुख र बालीको मिश्रण, र आयआर्जन भन्ने मुल नाराका साथ** खाद्य सुरक्षा र आय वृद्धिको प्रवर्द्धन गर्न नमुना जलवायु स्मार्ट कृषि तथा कृषिवन कार्यक्रम संचालन गरिने छ

मोहन विक्रम सिंह
अध्यक्ष

७. महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षागर्दै महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षागर्न मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन अभियान सञ्चालन गरिनेछ

८. स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभलिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको सन्कलन, भण्डारण, प्रोशधन र बजारीकरणका पहुँच सुनिस्चित गर्न आवश्यकता अनुसार संकलन केन्द्र, कोल्ड स्टोर, स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ ।

९. प्रत्येक घरमा फलफुल र तरकारी, बाझो जमिनमा खेति भरौ भकारी भन्ने मुल नारा तय गरी पालिका , विकास साझेदारहरु सँग साझा अभियान सञ्चालन गरि "बाँझो जमिन, खेति अभियान" कार्यक्रम सञ्चालन गरिने छ ।

१०. गाउँपालिकाले जलस्रोत र प्राकृतिक स्रोत सँग सम्वन्धित क्षेत्रको योजना तयार , सञ्चालन तथा व्यवस्था गर्न आवश्यक योजना ,ऐन नियम कानुन निर्माण गरिने छ ।

११. जलवायु परिवर्तनका असरबाट श्रोतहरुमा परेको नकारात्मक प्रभावलाई कम गर्न पुनरभरण पोखरी निर्माण, वृक्षारोपण अन्य हरित पुर्वाधार जस्ता अभियान सञ्चालन गरि समावेशी, दिगो र जलवायु उत्थानशील प्राकृतिकस्रोत व्यवस्थापन प्रवर्धन गरिने छ ।

१२. जलवायु परिवर्तनका असरहरूको न्यूनीकरण तथा स्थानीय अनुकूलन क्षमताको अभिवृद्धि गर्न चालु आर्थिक वर्षभित्र कम्तीमा एक जलवायु– मैत्री नमुना विद्यालय र एक जलवायु– उत्थानशील नमुना समुदाय विकास गरिनेछ। यस्ता नमुना विद्यालय तथा समुदायमार्फत वातावरण संरक्षण, प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन, जलवायु अनुकूलन अभ्यास, विपद् जोखिम न्यूनीकरण,आय आर्जन,जीविकोपार्जन तथा अन्य जनचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरी जलवायु उत्थानशील समाज निर्माणमा टेवा पुर्याइने छ ।

## भवन तथा आवास निर्माण र मर्मत संभार

उँपालिकाभित्र कभर्डहल निर्माणका लागि सरोकारवाला सँग समन्वय र सहकार्य गरी र्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

२. अदानचुली गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य तिव्ररुपमा संचालन गरी सम्पन्न गर्न जोड दिइनेछ ।

३. रणनीतिक अस्पताल निर्माण कार्यको लागि अन्य सरोकारवाला गाउँपालिका, प्रदेश तथा संघीय सरकार सँग समन्वय तथा सहकार्य गरी आगामी ३ बर्ष भित्र निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा ल्याइने छ ।

४. निर्माण सम्पन्न भएका सम्पूर्ण शिक्षा, स्वास्थ्य तथा वडा कार्यालयका भवनहरुलाई उचित व्यवस्थपन गरि साथै अधुरा संरचना हरुको आवश्यक मर्मत गर्दै संचालनमा ल्याईनेछ ।

५. भौतिक पूर्वाधार अभाव भएका विद्यालयहरुको भवन निर्माण लगायत पूर्वाधार संरचनाहरु (शौचालय, पुस्तकालय,छात्रावास, कम्पाउण्डीङ, खेलमैदान) को निर्माण कार्यलाई संघ, प्रदेश र अन्य दातृ निकायहरुसँगको सहकार्यमा निरन्तर अगाडी बढाइनेछ ।

६. गाउँपालिकालाई दक्ष जनशक्तीमा आत्मनिर्भर बनाउन तथा गुणस्तर युक्त कार्य गरी दिगोपना ल्याउन आधारभूत तथा विषयगत तालिमहरु सञ्चालन गरिनेछ ।

## ४. सुशासन तथा संस्थागत विकास

१। गाउँपालिका, वडा, स्वास्थ्य केन्द्र तथा विद्यालय आदि संस्थामा विधुतीय हाजिरी प्रणाली लागु गर्ने र सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउनमा जोड दिईनेछ ।

२। सवै शाखा तथा वडा कार्यालयवाट विधुतीय पत्राचारलाई लागू गर्दै क्रमशः विधुतीय सुशासनको अवधारणा अनुसार कार्य अगाडी बढाइनेछ ।

३। कर्मचारीलाई उपलब्ध गराइने निश्चित सुचकका आधारमा कार्यसम्पादन सम्झौता गरीनेछ कार्यसम्पादन सम्झौताका सुचकका आधारमा पुरस्कार र दण्डका नीति अवलम्वन गर्दै कार्यप्रती जिम्मेवारी जवाफदेही बनाईनेछ ।

४। गाउँपालिकामा कार्यरत सवै कर्मचारीहरुको एकीकृत कर्मचारी व्यात्तिगत विवरण प्रणाली स्थापना गरी कर्मचारी प्रशासनलई चुस्त र दुरुस्त बनाउनका लागी कर्मचारी संकेत नं.कायम गरी सोको आधारमा व्यात्तिगत विवरण अध्यावधिक गरीनेछ ।

५. सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिनेछ ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

६. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ द्वारा प्रदत्त अधिकार बमोजिम गाउँपालिकालाई आवश्यक ऐन, नियम र कार्यविधिहरु जारी तथा संशोधन गर्ने कार्यलाई आर्थिक वर्ष २०८३/०८४ मा निरन्तरता दिइनेछ । ऐन नियमहरु तर्जुमा गर्दा सरोकारवाला पक्ष र विज्ञहरुको सुझाव तथा प्रशिक्षण लिने नीति लिइनेछ ।

७. समान सहभागिता, पारदर्शिता, जवाफदेहिता, कानूनको शासन र अनुमान योग्यता जस्ता सुशासनका आधारभूत पक्षहरुलाई पालिकाका सबै क्रियाकलापहरुमा आन्तरिकीकरण गरिनेछ ।

८. राजस्व संकलन पूर्ण रुपमा Online प्रणाली SUTRA मा समावेश गरी संस्थाको आन्तरिक आयलाई सुदृढ गरिनेछ ।

## ४.१ समामाजिक सुरक्षा

१. IRISH डिभाईस मार्फत सामाजिक सुरक्षा लाभग्राहीहरुको वायोमेट्रिक प्रमाणिकरण तथा नवीकरण कार्य सुचारु गरिनेछ ।

२. सामाजिक सुरक्षा अभिलेख प्रणालीलाई पहुँच योग्य बनाउन डिजिटाइजेशन गरी घटना दर्ता सप्ताह सञ्चालन गरी समाजिक सुरक्षा प्रणालीलाई थप व्यवस्थित वनाईनेछ ।

३. वडा सचिव र समाजिक सुरक्षा सँग सम्बन्धित कर्मचारीहरुलाई व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षा सम्बन्धि क्षमता विकास गरी सूचना सामाग्री प्रकाशन मार्फत समाजिक सुरक्षा प्रति सचेतना अभिवृद्धि गरिने छ।

# ५. विपद व्यवस्थापन

## ५.१ विपद व्यवस्थापन

१. गाउँपालिका भित्र बाढी तथा भूक्षयको जोखिममा रहेको क्षेत्रहरुमा क्षतिको न्यूनीकरण गर्न आवश्यकता अनुसार क्षति रोकथाममा टेवा पुर्याउन वायो इन्जिनेरिङ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

२. गाउँपालिकाभित्र बाढी तथा भूक्षयको जोखिममा रहेको क्षेत्रहरुमा क्षतिको न्यूनीकरण गर्न आवश्यकता अनुसार तार जालीको व्यवस्था गरिनेछ ।

३. भू संरक्षण तथा जलाधार व्यवस्थापनको सम्बन्धमा अन्य बाह्य सरोकारवाल निकायसँग समन्वय गरी थप संरक्षणका कार्यक्रम तय गरिनेछ ।

४. जलाधार व्यवस्थापनको सम्बन्धमा स्वच्छ खानेपानीको मुहान संरक्षण तथा नदी कटानको जोखिम क्षेत्रमा तटबन्धन गरिनेछ ।

५. विपद व्यवस्थापन गर्नका लागि गाउँपालिका स्तरिय द्रुत प्रतिकार्य टोली **(Rapid Response team)** तथा विपद व्यवस्थापन समितिलाई प्रभावकारी बनाईनेछ ।

६. आकस्मिक रुपमा आईपर्ने विपदबाट हुने क्षतिको यथार्थ एकीन गरी राहत प्रदानका लागि गाउँपालिकामा आकस्मिक र विपद व्यवस्थापन कोषको स्थापना गरिनेछ ।

आदरणीय गाउँ सभा सदस्य ज्यूहरुः

प्रस्तुत नीति तथा कार्यक्रम तयारी प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुर्याउनु हुने उपाध्यक्ष ज्यु , प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरू, गाउँ कार्यपालिकाका सदस्यज्यूहरू, गाउँ सभाका सदस्यज्यूहरू, तथा कर्मचारीहरूमा विषेश धन्यवाद दिन चाहन्छु । नीति तथा कार्यक्रम तर्जुमाका सिलसिलामा राजनैतिक दलका प्रतिनिधिज्यूहरू, पदाधिकारीज्यूहरूको विकास प्रतिको एकता, संवेदनशीलता तथा क्षेत्रगत सूचनाको जानकारी, सहभागीता एवं पृष्ठपोषण हाम्रा लागि अत्यन्त महत्वपूर्ण रह्यो । नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष अप्रत्यक्ष सघाउ पुर्याउनु हुने सरकारी कार्यालय, गैर सरकारी संघसंस्था, नागरिक समाज, उद्योगी, व्यवसायी, बुद्धिजीवी, सञ्चारकर्मी, कर्मचारी साथीहरूप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । कुनै पनि योजनाको सफलता र सोको सफल कार्यान्वयनमा भर पर्ने भएकाले यसका लागि सबै राजनीतिक दल, गाउँ कार्यपालिकाका पदाधिकारी, गाउँ सभाका सदस्य, नागरिक समाज, सरकारी एवं गैर सरकारी संस्थाहरू, कर्मचारी एवम् आम अदानचुली वासीको संयुक्त प्रयास आवश्यक छ । सदाझै अदानचुलीबासी र सबै सरोकारवालाबाट सहयोग प्राप्त भइरहने आशा एवम् विश्वास लिएको छु ।

धन्यवाद ।

१० आषाढ, २०८३

मोहन विक्रम सिंह
अध्यक्ष

CamScanner

मोहन विक्रम सिंह

सभाध्यक्ष